" रुरुक्षेत्र समृद्धिको आधार, कृषि, पर्यटन र स्वरोजगार"

रुरुक्षेत्र गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घिउँबेसी, गुल्मी

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री सम्बन्धी दोस्रो पटक बोलपत्र आव्हान सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मिति : २०८३ असोज २७ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (६), लुम्बनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८३, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो शंसोधन) मापदण्ड, २०७९ र यस गाउँपालिकाको आर्थिक ऐन, २०८३ मा भएको व्यबस्था बमोजिम यस गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम उल्लेखित न्यूनतम अंकमा नघट्ने गरि स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मिति २०८३/०६/१८ गते प्रथम पटक प्रकाशित भएकोमा तपशिलका बोलपत्रमा कुनैपनि बोलपत्रदाताहरुले बोलपत्र पेश नगरेको हुँदा दोस्रो पटक बोलपत्र आह्वान गरिएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्म दर्ता नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। s

तपशिल

| क.सं. | सूचना/बोलपत्र नं | बोलपत्रको नाम | वार्षिक उत्खनन परिमाण (घन फुट) | न्यूनतम बोलपत्र रकम रु. (कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ORRM-REV-NCB-1-083/84 | बगाउने खोला बगर क्षेत्र, वडा नं. ५ | १,६७,३९३ | १३,३९,१४४/- | ४०,१७४/- | ३,०००/ |
| २ | ORRM-REV-NCB-4-083/84 | रिडी बगर क्षेत्र २, वडा नं. १ | १०,०४,४८९ | ८०,३५,९१२/- | २,४१,०७७/- | ३,०००/ |

बोलपत्र सम्बन्धी शर्तहरु यस कार्यालयको website https://www.rurumun.gov.np मा प्रकाशन गरिएको छ ।

दिनेश ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सूचनाको शर्त एवं बिस्तृत विवरण

बोलपत्र फारम तोकिएको दस्तुर तिरी रुरुक्षेत्र गाउँपालिकाको website https://www.rurumun.gov.np बाट Download गर्न र गाउँपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ । बोलपत्र पेश गर्दा सूचना प्रकाशित भएको मितिले १६ औं दिन (मितिः २०८३/०७/११) को १२:०० बजेभित्र रुरुक्षेत्र गाउँपालिकाको कार्यालयमा आवश्यक कागजातहरु सहित पेश गर्न सकिने छ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु १६ औ दिन (मितिः २०८३/०७/११) को १:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुने छन्। अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

- यस पूर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई भुक्तानी गर्न बाकी रहेका फर्मद्वारा पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन। तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।
- बोलपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., बलेटक्सारमा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत पत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

**बोलपत्रको दस्तुर रकम दाखिला सम्बन्धी विवरण :**

बैंकको नामः नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., बलेटक्सार।

कार्यालयको नामः रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घिउबेंसी, गुल्मी ।

बोलपत्र दस्तुर रकम जम्मा गर्ने आन्तरिक राजस्व खाता नं. २९००१४००००००२४

**बोलपत्रको धरौटी रकम दाखिला सम्बन्धी विवरण :**

बैंकको नामः नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., बलेटक्सार।

कार्यालयको नामः रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घिउबेंसी, गुल्मी ।

धरौटी रकम जम्मा गर्ने धरौटी खाता नं. २९००१४०००००११६

बिस्तृत जानकारीको लागि पूर्वाधार विकास शाखामा कार्यरत ईन्जिनियर श्री सुशिल पन्थी (मोवाईल न. ९८५७०१८५११) लाई सम्पर्क गर्न सकिने छ ।

**संझौता सम्बन्धी शर्तहरु:**

१. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ५० प्रतिशत रकम संझौता गर्दाको बखत दाखिला गर्नुपर्ने छ। बाकी ५० प्रतिशतको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकवाट २०८४ भाद्र मसान्तसम्म मान्य हुने बैंक जमानत पत्र (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ। उक्त रकम २०८३ चैत्र मसान्तसम्म बुझाउनु पर्नेछ।

२. ठेक्का संझौता गर्दा कबोल अंकको मु. अ.कर १३ प्रतिशत रकम थप गरी कुल संझौता रकम कायम गरिनेछ।

३. प्राकृतिक स्रोत, साधन उपयोग तथा विक्री कर असुल गर्दा तोकिदिएको दररेटमा मात्र कर असुली गर्नुपर्नेछ ।

४. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनको लागि कार्यालयको स्वीकृती बिना डोजर, लोडर, एक्साभेटर, जे.सि.बि. लगायत ठुला हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

५. प्राकृतिक स्रोत साधन ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा विक्री गर्दा प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा बढी नहुने गरी निर्धारित क्षेत्रबाट मात्र उत्खनन् गर्नुपर्नेछ।

६. ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन् तथा संकलन कार्य विहान सुर्योदय भन्दा अगाडी र साझ सूर्यास्त भन्दा पछि गर्न पाईने छैन ।

७. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो कार्यालयले तोकेको एउटै बाटो प्रयोग गर्नुपर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो कार्यालयको निर्देशनमा बोलपत्रदाताले मर्मत सुधार गर्नुपर्ने छ।

८. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागि बोलपत्रदाताले काउण्टर राख्नुपर्नेछ ।

९. पानी चुहिने गरी ढुंगा, गिट्टी, बालुवा बोकेका ढुवानी साधन पक्की सडकमा गुडाउन पाईने छैन।

१०. ढुवानी साधनले भार बहन क्षमता भन्दा बढी तौल राखी नछोपी खुल्ला रुपमा वा न्यून बिल काटी मालसामान ढुवानी गर्न पाईने छैन ।

११. नेपाल सरकारको मौजुदा कानूनी व्यवस्था अनुसार असार, श्रावण, भाद्र (३ महिना) नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकोले सोको पूर्णरुपले पालना गर्नुपर्नेछ। ठेक्का संझौताको अवधि २०८४ जेष्ठ मसान्तसम्म हुनेछ ।

१२. उत्खनन् गरिएको नदीजन्य पदार्थ कार्यालयको अनुमति विना नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाईने छैन। त्यसका लागि बोलपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ ।

१३. शुल्क उठाउने रसीदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१४. कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप, महामारी आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै बिबाद उत्पन्न भएमा बोलपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

१५. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का रद्ध गरी बाकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईने छ। साथै असुल गर्न बाँकी रकमको १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ। साथै यस गाउँपालिकाको नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र संम्झौताको अभिन्न अंग मानिनेछ। यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

१६. रितपूर्वक दाखिला भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ ।

रुरुक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश नेपाल ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी र बालुवा ) उत्खनन् तथा विक्री सम्बन्धी विद्युतिय बोलपत्र फारमः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घिउबेंसी, गुल्मी ।

विषयः बोलपत्र फारम पेश गरेको सम्बन्धमा ।

यस रुरुक्षेत्र गाउँपालिकाको मिति २०८३ असोज २७ मा प्रकाशित सूचना अनुसार प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा विक्री सम्बन्धी विद्युतिय बोलपत्र आव्हान गरिएको सूचना अनुसार गाउँपालिकाले तोकेको शर्तनामाको अधिनमा रही कबोल गरेको रकम यो बोलपत्र फारममा पेश गरेको छु।

| क्र.सं. | ठेक्का नं. | विवरण | कबोल गरेको रकम रु. | |
|---|---|---|---|---|
| | | | अङ्कमा (मू.अ.कर बाहेक) | अक्षरमा (मू.अ.कर बाहेक) |
| १ | ORRM-REV-NCB-4-083/84 | रिडी बगर क्षेत्र, वडा नं. १ | | |

बोलपत्रदाताको दस्तखतः

बोलपत्रदाताको नामथरः

फर्मको नाम र ठेगाना :

फर्मको छापः

मिति :